नेपाल मानव अधिकार संगठन
Human Rights Organisation of Nepal
केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu
Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)
Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

च.न. १/०८३

## नेपाल मानव अधिकार संगठनको ध्यानआकर्षण पत्र

नेपाल मानव अधिकार संगठनको मिति २०८३/०१/०५ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकले देशको समसामयिक परिस्थितिको विश्लेषण गरी तपसिल विषयमा गम्भीर चासो व्यक्त गरेको छ ।

१. २०८२/०५/२३ र २४ गतेको घटनाको छानबिन गर्न श्री गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगको प्रतिवेदन सरकारले सार्वजनिक गरी आयोगको सिफारिस बमोजिम कार्यान्वयन गराउनुपर्नेमा स्वेच्छाचारी ढंगले आफ्नो कुत्सित स्वार्थ पुरा गर्ने नियतले चयनमुखी कार्यान्वयन र अनुकूलताका लागि प्रतिवेदन सार्वजनिक नगरी सार्वजनिक जानकारी बेगरको प्राकृतिक न्यायको सिदान्त समेत वर्खिलाप हुने गरी कार्यान्वयन गर्ने गरेको काय प्रति केन्द्रिय कार्य समिति जोडदार रुपमा निन्दा गर्दछ ।

२. २०८२/०५/२३ र २४ गतेको घटनाको छानबिन गर्न राष्ट्रिय मानव अधिकार आफ्ना आयोगको सदस्य श्री लिली थापाको संयोजकत्वमा गठित समितिको प्रतिवेदन समेत आयोगले सार्वजनिक नगरेको र शक्ति सन्तुलनको सिद्धान्त विपरीत आयोग माथि समेत सार्वजनिक नगर्नको लागि सरकारको प्रभाव परेको भन्ने प्रकाशित समाचारहरू प्रति गम्भीर चिन्ता व्यक्त गर्दछ ।

३. विभिन्न पेशा-व्यवसायमा आबद्ध व्यक्तिहरूलाई गुण्डाको नामाकरण गरी बिना कुनै अपराध राज्यले पक्राउ गर्ने र आम सर्वसाधारण नागरिकहरूमा सरकारले काम गरेको देखाउनका लागि व्यक्तिले गर्दै नगरेको अपराधको आरोप लगाई अभद्र व्यवहारको मुद्दा दर्ता गर्ने र केहि दिन हिरासतमा राखी छोड्ने गरेको कार्य विधिको शासन संविधान, राष्ट्रिय अन्तर्राष्ट्रिय न्यायिक मूल्यमान्यता, मानव अधिकार कानुन विरुद्धको कार्यहरू भएको निस्कर्ष निकालेको छ ।

४. सिमानाका तथा भन्सार नियमनका नाममा नेपाल भारत सिमा प्रयोग गर्न नागरिकहरु उपर प्रहरीले हातपात, कुटपिट, लछार पछार पार्ने, अपमानजनक अभद्र व्यवहार गर्ने, शाररिक तथा मानसिक यातना दिने लगायतको कार्यहरू लोकतन्त्र, लोककल्याणकारी राज्यको अवधारण तथा न्यायको दृष्टिकोणले अति नै लज्जास्पद र घृणित कार्यहरु भएको निक्र्योल गर्दछ ।

५. बजार व्यवस्थापनका नाममा देशका विभिन्न स्थानका स्थानीय पालिकाहरूका पालिका रक्षक (नगर प्रहरी) हरुले समेत स्थानीय व्यापारी, सडक व्यापारीहरू र

नेपाल मानव अधिकार संगठन
Human Rights Organisation of Nepal
Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)
केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu
Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

सर्वसाधारण उपर गरेको दुर्व्यवहार, लछारपछार, व्यापारिक सामग्रीहरू गैरकानुनी जफत तथा नष्ट गरिएका कार्यहरूलाई यो संगठनले एक प्रकारको राज्य आतंकको रुपमा लिएको छ ।

६. देशको समस्याहरू दीर्घकालीन समाधानका लागि नीति निर्माण र कार्यान्वयन गराउने तहमा रहेका पदाधिकारीहरू समेत लोकप्रियताको पछि दगुरेको, गैर व्यवसायीक हर्कतहरूले राज्यको प्रचलित कानुनको मानमर्दन तथा विधिको शासनको खिल्ली उडाएको हुँदा जिम्मेवार पदाधिकारीहरुलाई आफ्नो संवैधानिक र कानूनी कर्तव्य जिम्मेवारीपूर्ण ढंगले पूरा गर्न अनुरोध गर्दछ ।

नेपाल एक लोकतान्त्रिक प्रणाली अङ्गीकार गरेको संविधानले स्वतन्त्रता, समानता लगायतको मौलिक हक अधिकारको ग्यारेन्टी गर्नुका साथै नेपाल मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनको पक्ष राष्ट्र समेत रहेको र सरकारले संविधान तथा राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनहरूको अनिवार्य पालना गर्नु गराउनु संवैधानिक कानूनी र नैतिक दायित्व रहनुका साथै ती मानव अधिकारको संरक्षणको लागी सबै किसिमका प्रभावकारी कदम चाल्नु नेपाल राज्य र यसका सम्बद्ध निकायहरुको कर्तव्य भएको कुरा यस संगठन राज्य र ती सबै निकायहरुलाई पूनः स्मरण गराउन चाहन्छ ।

अतः हालैका दिनमा राज्यबाट भएका संविधान, कानुन र लोकतान्त्रिक मूल्य, मान्यता, सिद्धान्त तथा मानव अधिकार विरोधी गतिविधिहरु पूर्ण रुपमा रोक्न, विधिको शासन स्थापना गर्न तथा दण्डहीनताको अन्त्य गर्नका साथसाथै २०८२ भाद्र २३ र २४ गतेको घटना छानबिनका लागि गठित आयोगहरुको प्रतिवेदन नेपाल सरकार तथा राष्ट्रिय मानव अधिकार आयोगबाट जनताको सुसूचित हुने मौलिक भएको तथ्यको रुपमा आत्मसात गरी तुरुन्त सार्वजनिक गरी न्यायको मर्म अनुसार कार्यान्वयन गर्न, शक्ति सन्तुलनको सिदान्तको सम्मान गर्न, सम्बन्धित सरोकारवालाहरूमा हार्दिक अनुरोध गर्दछौं ।

मितिः २०८३/०१/११

इन्द्र प्रसाद अर्याल

अध्यक्ष